दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १९ | बुटवल | २०८१ पौष २९, गते सोमबार | नेपाल संवत ११४५ | Monday Jan 13, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## आजदेखि सिद्धेश्वर मैदानमा खाना महोत्सव




**लुम्बिनी संवाददाता**

*बुटवल*

विगतका वर्षहरुमा कालिकापथमा हुँदै आएको खाना महोत्सव यस वर्ष बुटवल ७ दीपनगरस्थित सिद्धेश्वर खेल मैदानमा आजदेखि सुरु हुने भएको छ। होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीको आयोजनामा पुस २९ गते (आज सोमबार) देखि माघ २ गतेसम्म हुने बुटवल खाना महोत्सव तथा माघेसंक्रान्ती मेला हुन लागेको हो ।

महोत्सवको तयारी पूरा भएको र सोमबार बिहान ११ बजे वृहत् र्‍यालीले नगर परिक्रमा गरी दिउँसो ४ बजेपछि उद्घाटन गरिने संघका अध्यक्ष लेखनाथ भण्डारीले जानकारी दिए। महोत्सवलाई व्यवस्थित बनाउन विभिन्न २७ वटा उप-समिति बनाएर काम भइरहेको उनले बताए।

अंग्रेजी नयाँ वर्ष मनाउन बुटवल र आसपासका बासिन्दाहरु पोखरा, चितवनलगायतका ठाउँमा घुम्न जाने गरेको तथ्यलाई मनन् गरी उनीहरुलाई बुटवलमै रमाउने वातावरण बनाउन २०७५ सालदेखि सडक खाना महोत्सव सुरु गरेको अध्यक्ष भण्डारीले बताए। माघेसंक्रान्तीको दिन चारधामको जल ल्याएर स्नानको व्यवस्था, सेल्फी जोन र टिकटक प्रतियोगिताको समेत व्यवस्था गरेको उनले बताए।

विगतमा कालिकापथमा खाना महोत्सव ब्राण्ड बनेको तर सञ्चालन गर्दा ठाउँ साँघुरो भएकाले यस वर्ष सिद्धेश्वरी स्कुलको फराकिलो मैदानमा व्यवस्थित ढंगले महोत्सव आयोजना गर्न लागेको महासचिव अर्जुन थापाले बताए। महोत्सवमा ७० वटा स्टल रहने र त्यहाँ विभिन्न जात जातिका नेपाली मौलिक परम्परागत र रैथाने खानाका परिकारहरु पस्कने उनले बताए। यस्तै महोत्सवमा आउने दर्शकलाई मनोरञ्जन दिन राष्ट्रिय र स्थानीय कलाकारहरुको प्रस्तुति रहने छन्। महोत्सवमा थारु, मगर, नेवार समुदायका कला संस्कृति, नृत्यसँगै भजन किर्तन रडिजेसम्मका प्रस्तुति पनि हुने महासचिव थापाले बताए।

महोत्सवअन्तर्गत पर्यटन प्रवर्द्धनका लागि रोमाकान्त पाण्डेको संयोजकत्वमा गोष्ठी समेत गरिने प्रचारप्रसार संयोजक अर्जुन पोखरेलले बताए। सामाजिक उत्तरदायित्वअन्तरगत माघ २ गते चौराह हस्पिटलको प्राविधिक सहयोगमा बृहत् रक्तदान र स्वास्थ्य शिविर समेत आयोजना गरिने उनले बताए। महोत्सवलाई बुटवल उप-महानगरपालिका, प्रदेश पर्यटन विकास परिषद्, सैनामैना नगरपालिकालगायतका सरकारी निकाय र व्यवसायिक प्रतिष्ठानले सहयोग गरेका छन्। तीन दिनसम्म चल्ने महोत्सवमा डेढ लाख दर्शक आउने र २ करोड बढीको कारोबार हुने आयोजकको अनुमान छ।

## रवि काठमाडौं प्रहरीको हिरासतमा

बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई प्रहरी परिसर, काठमाडौंको हिरासतमा राखिएको छ। जिल्ला अदालत काठमाडौंका न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले लामिछानेलाई प्रहरीको जिम्मा लगाउने आदेश दिएको थियो।

प्रहरी स्रोतका अनुसार रविलाई आइतबार भद्रकालीस्थित प्रहरी परिसरको हिरासतमा राखिएको छ। सोमबार पुनः अदालत पेस गर्नेगरी उनलाई प्रहरीको जिम्मा लगाइएको छ।गत बिहीबार कास्कीको सूर्यदर्शन सहकारी ठगीमा धरौटीमा रिहा भएका लामिछानेविरुद्ध काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगीमा मुद्दा दर्ता भएको थियो

सोही मुद्दाको बयानका लागि लामिछाने आइतबार आफैं अदालत हाजिर भएका थिए।लगत्तै न्यायाधीश अधिकारीको इजलासमा बयान भएको थियो।

रास्वपा अनुशासन आयोगका पूर्वउप्रमुख समेत रहेका अधिवक्ता यज्ञमणी न्यौपानेका अनुसार आज थुनछेक बहस नभएपछि इजलासबाट प्रहरीकै जिम्मा लगाउने आदेश भएको हो।उनका अनुसार, परिवार वा सरकारी वकिलको जिम्मामा रविलाई छाड्न न्यायाधीश अधिकारीसँग आग्रह गरिएको थियो। यद्यपि उनले उक्त प्रचलन नभएको भन्दै प्रहरीकै जिम्मा दिनुपर्ने बताएको न्यौपानेले जानकारी दिए।

न्यौपानेका अनुसार आज सोमबार बिहान ११ बजेबाट थुनछेक बहस सुरु हुनेछ।

## कुलमानले बुझाए स्पष्टीकरण

बुटवल। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभागीय मन्त्रालयमा स्पष्टीकरण बुझाएका छन्।

ऊर्जा, जलस्रो तथा सिँचाइ मन्त्रालयले ७ दिनभित्र बुझाउने गरी ९ बुँदे स्पष्टीकरण सोधेकोमा उनले जवाफ दिएका हुन्।

ऊर्जा मन्त्रालयले कार्यसम्पादनसम्बन्धी विवरण नबुझाएको, सरकारी निकायमा बसेर नोट अफ डिसेन्ट लेखेकोलगायतका आरोप लगाउँदै किन नहटाउने भनी पुस २२ गते स्पष्टीकरण सोधेको थियो।

ऊर्जा मन्त्रालयका एक अधिकारीले कुलमानले आइतबार जवाफ फर्काएको बताएका छन्। कार्यकारी निर्देशक घिसिङले कार्यसम्पादनमा उच्च अंक प्राप्त गरेको र ४ वर्षका लागि नियुक्त भएकाले सरकारले हटाउन नमिल्ने बताएका छन्।उनले बिहीबार मात्र गत आर्थिक वर्ष (आव) २०८०-८१ मा गरेका कार्यसम्पादन विवरण मूल्यांकनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरेका थिए।

कार्यकारी निर्देशक घिसिङले बिहीबार गत आवमा सम्पादन गरेका काममा ९८.९९ प्रतिशत अंक दाबी गरी मूल्यांकनका लागि मुख्य कार्यसम्पादन सूचकांक समेटिएको विवरण पेस गरेका हुन्।

मन्त्रिपरिषद्को २०७८ साउन २५ निर्णयबाट घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा ४ वर्षका लागि दोस्रोपटक नियुक्त गरिएको थियो। मन्त्रिपरिषद्को निर्णयका आधारमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र घिसिङबीच २०७८ माघ ५ मा प्राधिकरण सुधारका विभिन्न सूचकांकसहित कार्यसम्पादन सम्झौता भएको थियो।

# पत्थरकट्टाको पेसा संकटमा

## आधुनिकीकरण गरिदिन माग

**डोल्मा चौधरी**

*नलपरासी (पश्चिम)*



शिक्षा छैन, अन्य सीप पनि छैन। जानेको त्यही पुर्ख्यौली सीप ढुंगा कुद्ने हो। त्यही पुर्ख्यौली पेसा गरेर जीवन धान्न नसकिने अवस्था छ, पत्थरकट्टा समुदायको। आधुनिक प्रविधिको विकास भएसँगै पश्चिम नवलपरासीका लोपोन्मुख पत्थरकट्टा समुदायको ढुंगाका सामग्री बनाउने पेसा संकटमा परेको छ। ढुङ्गाबाट मूर्ति, सिलौटा र लोहोरा बनाएर बेच्दै जीवन यापन गर्दै आएका पत्थरकट्टा समुदायले बनाएको सिलौटा र लोहोरा बजारमा बिक्री नभएपछि यो समुदाय समस्यामा परेको छ । समस्या हटाउन उनीहरु वैकल्पिक पेसाको खोजीमा छन्।

पत्थरकट्टा अर्थात् कुसवाडिया समुदायलाई आफ्नो पुर्ख्यौली पेसाप्रति माया छ, तर पेसा अंगाल्ने अवस्था छैन। त्यसमध्येका हुन्, नवलपरासीको रामग्राम नगरपालिका-१ सहुवा टिकर निवासी ३९ वर्षीय जगदीश पत्थरकट्टा। उनको जवानी खोलाका ढुङ्गा कुदेर र सिलौटा बनाएर बित्यो। उनी हिउँद महिनामा ५० देखि ६० हजार रुपैयाँसम्म कमाउँथे। त्यसैबाट आउने आम्दानीले परिवारको गर्जो चलाउँथे। 'बुबाआमाले जङ्गल र खोलामा भेटिएका ढुंगा कुदेर बेच्थे। उनीहरुसँगै मैले पनि लोहोरा र सिलौटा बनाएर बेच्दै जवान भएँ। राम्रो कमाइ नभए पनि घरखर्च चलाउन समस्या थिएन,' जगदीशले सुनाए-'सानो हुँदा बाबुआमाले जे गरे, जे सिकाए त्यही गरियो। अरुतिर न मन गयो न ध्यान गयो। बाउआमा खोलाको किनारमा ढुङ्गाहरुसँगै रमाए।' जगदीश नौ वर्षको उमेरदेखि यतै ढुंगा कुद्न लाग्दा समाजमा घुल्न र पढाइमा जोडिन पनि पा(एनन्। जगदीशका पाँच सन्तान पनि सिलौटा र लोहोरा बेच्दै हुर्के। जगदीशको अहिले सात जनाको परिवार छ। अब भने जगदीशको गुजारा सिलौटा कुदेर बित्दैन। अहिले महिना दिनमा १० हजार रुपैयाँ कमाउन पनि एकदमै गाह्रो भएको जगदीशले बताए। 'अब के गर्ने चिन्तामा छु,' जगदीशले सुनाए-'खेतीपाती गर्न जग्गा छैन। जग्गाको नाउँमा सुकुम्बासीमा घर छ। त्यो पनि खोलाको किनारामा वर्षातको समयमा बाढी आउने चिन्ता लागिरहन्छ।'

जगदीशलाई उनकी श्रीमती आशाले पनि व्यवसायमा सघाउ(ँथिन्। अहिले पनि उनी सिलौटो टाउकामा राखेर बेच्न जान्छिन्। तर धेरैजसो बेच्न लगेको सिलौटो घरै फर्किन्छ। 'हप्ता दिनमा बल्लतल्ल एउटा सिलौटो बिक्री हुन्छ। त्यसले गुजारा चल्दैन।'-आशाले भनिन्। श्रीमती आशाले अझैं पनि सिलौटा बेच्छिन्। जगदीशले घर धान्न नसकेपछि पेसाप्रति माया भए पनि आफ्नो पुर्ख्यौली पेसा छोड्न बाध्य भएको बताए। नजिकैको एक कम्प(नीमा गत महिनादेखि काम गर्न लागेको जगदीश बताउँछन्।

जगदीशका छोरा अहिले ठूला भइसकेका छन्। तर उनी बा(आमाले जस्तै ढुंगाबाट सामग्री बनाउँदैनन्। नत, तिनलाई बेच्न हिंड्छन्। जगदीशका छोरा विजय पत्थरकट्टा २१ वर्षका भए। उनी कक्षा ११ सम्म पढेका छन्। तर बाआमाको काम गर्दैनन्। विजयको बाआमाले सिलौटा बनाउने र बेच्ने काममा गरेको मेहनत र मेहनतअनुसार पैसा नआएको देखेर विजय काममा ध्यान नगएको बताउँछन्। 'बाआमा दैनिक जंगलमा जानुहुन्छ। दुखःगरी ढुंगा खोजेर ल्याउनुहुन्छ। ढुंगा पाउन पनि गाह्रो छ। बेच्न जाँदा नबिकेर रीत्तै घर फर्कनुहुन्छ। बिक्री भैहाले पनि मूल्य पाइदैन। घर परिवारका दैनिक आवश्यकता पूरा गर्न पनि धौधौ हुन्छ। यस्तो देखि देखि आफू सिलौटा बनाउने काममा लागिन।' -विजयले सुनाए।

विजय इन्टरनेट जोड्ने काम गर्छन्। त्यसबाट पनि घरखर्च चल्ने गरी कमाइ हुँदैन। बाआमाकै पेसा समाउन पनि सक्दैनन्। 'बरु राज्यले ढुंगा कुद्ने काममा आधुनिक उपकरण दिने र विधि सिकाउने हो भने पत्थरकट्टाकै काम गर्थे जस्तो लाग्छ।'-उनले भने।

समय गतिशील छ। समयसँगै नयाँ-नयाँ सूचना र प्रविधिको विकास हुन स्वभाविक छ। नयाँ प्रविधिले पुराना प्रविधि संकटमा पर्नु पनि अस्वभाविक हैन। तर यसले कसैको पुस्तैनी पेसा, व्यवसाय र रोजगारीको बाटो नै बन्द हुनु भने अस्वभाविक छ। कुसवाडिया अर्थात् पत्थरकट्टा समुदायमा पनि यस्तै भएको छ। आधुनिक प्रविधिको विकाससँगै उनीहरुको ढुङ्गाबाट मूर्ति बनाउँदै र सिलौटा बेच्दै गरेर गुजारा चल्न छोडेको छ। गुजारा धान्न गाह्रो भएपछि उनीहरु धेरैले पेसा छोडेर ज्याला मजदुरी गर्न थाले। त्यही ज्याला मजदुरी पनि गर्न नपाएपछि केही यतै अल्झेर बसेका छन्। त्यसमध्येका हुन्, अजय पत्थरकट्टा।

सुस्ता गाउँपालिका वडा नं. १ का ३० वर्षीय अजय पत्थरकट्टा अहिले पनि ढुङ्गाबाट मूर्ति, लोहोरा र सिलौटा बनाउँदै आफ्नो जीवन बिताउँदै आएका छन्। उनी कलात्मक मूर्ति बनाउँछन्। एउटै मूर्ति बना(उन महिना दिन लाग्छ। ढुंगाको मूर्ति बनाउँदा काट्ने र कुद्ने आधुनिक उपकरण छैनन्। अजय अरुको सहारा लिन्छन्। अरुको सहारा लिए तिनिहरुलाई पनि बेचेको रकम बाँड्नुपर्दा आम्दानी अझ घट्छ।

अजय आफूले बनाएका सामग्री आफैले बोकेर बेच्दै हिंड्नु पर्ने बाध्यता भएको सुनाउँछन्। कहिले पसलमा राखिदिन आग्रह गर्छन्। तर मेहनतअनुसार मूल्य पर्दैन। यसले निराशा बढाएको छ। अब के गर्ने उनी अन्योलमा छन्। 'बुवाआमाको जीवन यसैमा बित्यो। मैले पनि बाल्यकाल र युवाकालका धेरै उमेर ढुंगा कुदेरै बिताए। अरु काम गर्नु सीप छैन। यही काम गरु आम्दानी छैन। सारै समस्या छ।'-अजयले गुनासो पोखे।

अजय अहिले तीन सन्तानको बाउ भएका छन्। उनीहरुलाई पालनपोषण र खानादाना उनकै आम्दानीले चलाउनुपर्छ। अजय दुःख भए पनि आफ्नो पुर्ख्यौली पेसा छोड्ने पक्षमा छैनन्। स्थानीय सरकारले आधुनिक उपकरण दिने र बजारको पहल गरिदिने गरे यही कामलाई निरन्तरता दिने पक्षमा छन्, उनी। 'ढुंगा कुद्ने कला हामीमा धेरै राम्रो छ। बजारमा अरुको भन्दा हाम्रो कला बिक्छ। तर आधुनिक उपकरण नहुँदा बनाउन धेरै समय लाग्छ। सरकारले आधुनिक उपकरण दिने र एक ठाउँमा बेच्ने व्यवस्था गरिदिए हामी यसमै रमाउने थियौं।'-अजयले आफ्नो माग सुनाए।

यस्तै रामग्राम नगरपालिका वडा नं. १ सहुवाटिकर निवासी हरि पत्थरकट्टासँग ढुङ्गाबाट मूर्ति बनाउने कला छ। उनलाई हरेक किसिमको मूर्ति बनाउन आउँछ। उनी अहिले उमेरले ४२ वर्ष पुगेका हुन। सानै हुँदा बाआमाले सिकाएका पुख्यौली पेसा ढुङ्गाबाट सिलौटा, जातोलगायत सामग्रीहरू बनाउँदै आएका उनी मूर्ति बनाउने काम पनि गर्दछन्। शिक्षाबाट वञ्चित रहेका हरि १० वर्षको उमेरदेखि नै आफ्नो पुर्ख्यौली पेसालाई अंगाल्दै आएका छन्। सुकुम्बासीमा पाएको जग्गामा उनको पनि घर झरहि खोलाको छेउमा रहेको छ। इट्टाको पर्खाल रहेको टिनले छाएको आफैंले निर्माण गरेको घर छ। जग्गाको नाममा उनको त्यही मात्र जग्गा हो। उनको घरमा ७ जना परिवार रहेका छन्, जसमा २ छोरी र ३ छोरा गरी ५ सन्तान छन्।

» बाँकी ३ पेजमा

छत्रकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

रेसुङ्गा नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

अनुरोधक :
रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# कानुनी सुधारमा केन्द्रित अध्यादेश

सरकारले सेवा प्रवाह छिटो छरितो गर्न, लगानीको वातावरण सहज बनाउन र विकास पूर्वाधारका काम प्रभावकारी गर्न विभिन्न कानुनमा देखिएका अड्चन हटाएको छ । मन्त्रिपरिषद् बैठकले विभिन्न कानुन संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेर कानुनमा सुधार गरेको हो ।

आर्थिक तथा व्यवसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धिसम्बन्धी ११, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ र भूमि तथा वनसम्बन्धी ३ गरी २७ ऐन अध्यादेशमार्फत् संशोधन गरेको छ । सेवा प्रवाह, विकास पूर्वाधारका काम अघि बढाउन र लगानी प्रवर्द्धन गर्न जे अवरोध थिए, कानुनमा एकैपल्ट सुधार गरेर सरकारले नीतिगत बाटो तय गरेको छ । सरकारलाई मार्गनिर्देश गर्ने कानुनले हो, जुन कारणले काम भएन् भन्ने टिप्पणी थियो, अब कानुनकै कारण समस्या भयो भन्ने अवस्था बन्द भएको छ ।

अहिले अध्यादेशका बारेमा विभिन्न टिकाटिप्पणी भएको छ । संसद बैठक छिटो बोलाएर फटाफट कानुनमा संशोधन गर्नुको साटो सरकारले अध्यादेश ल्याउनु गलत भन्ने पक्ष एकातिर छ भने अर्कोतिर काम गर्न एकैपल्ट अध्यादेश ल्याउनु सकारात्मक भन्ने पंक्ति पनि ठूलो छ । संसद कानुन बनाउने थलो हो । सकेसम्म संसदबाटै कानुन बनाउनु राम्रो हो । तर संसद नचलेको र छिटो कानुन बनाउनु परेमा अध्यादेश ल्याउनु अस्वाभाविक पटक्कै होइन । संसदमा कानुन बनाउने प्रक्रिया केही लामो छ । दुई दर्जनभन्दा बढी कानुनमा संशोधनको प्रक्रिया अघि बढाउँदा लामो समय लाग्न सक्छ । तत्काल कानुनी सुधार गर्नुपर्नेछ तर लामो समय लगाएर अपेक्षित नतिजा पाउन सकिंदैन ।

संसदमा पेश भएका विभिन्न विधेयक पनि छिटो छरितो टुंगो लगाउनुपर्ने बाध्यता छँदैछ । लामो समयदेखि विभिन्न विधेयक टुंगो नलाग्दा संघीयता कार्यान्वयनको बाटो अवरुद्ध भएको छ । संविधानमा तहगत सरकारका अधिकार र जिम्मेवारी तोकिएको छ । संविधानले तहगत सरकारलाई अधिकार दिए पनि अधिकार उपयोगको बाटो खोल्ने कानुनले हो, तर कानुन नहुँदा प्रदेश र स्थानीय सरकारले अनेक उल्झन व्यहोरेका छन् । अबको संसद बैठक ती विधेयक पारित गर्न प्राथमिकता दिनुपर्छ । संसद बैठक ती विधेयक पारित गर्न केन्द्रित हुनुपर्ने बाध्यता भएकाले पनि सरकारले एकैपल्ट धेरै कानुनमा सुधारका लागि अध्यादेशको बाटो लिनु स्वभाविक छ ।

सेवा प्रवाहलाई छिटो छरितो बनाउनेदेखि विदेशमा रहेका नेपालीलाई यहाँ लगानी गर्न, सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र उनीहरुले आर्जन गरेको आम्दानी ल्याउन सहज बनाउने कानुनमा सुधारले मुलुकमा बढेको निराशा चिर्न पनि कामयावी हुने अपेक्षा गर्न सकिन्छ ।

## सहयात्रीमा अभिमुखीकरण कार्यक्रम



बुटवल । सहयात्री बचत तथा ऋण सहकारी संस्था बुटवलको नवनिर्वाचित विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरुबिच परिचयात्मक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । गत मंसिर २९ गते सम्पन्न छैठौ अधिवेशनवाट नवनिर्वाचित विभिन्न उपसमितिका संयोजक, सदस्यहरुलाई समितिका काम कर्तव्य, अधिकार र जिम्मेवारीका विषयमा छलफल गरी कार्यक्रमको आयोजना गरी खादा तथा प्रमाण पत्रसहित पद हस्तान्तरण समेत गरिएको थियो ।

सो अवसरमा बोल्दै संस्थाका अध्यक्ष हरिबहादुर बोमरेलले नेपालको सहकारी अभियानले ६ दशकभन्दा लामो संस्थागत अभ्यास गरिसकेको यद्यपि, सहकारीको विकास र विस्तारमा थुप्रै समस्या र चुनौती देखिएको बताउँदै सहकारीले वित्तीय साक्षरता, वित्तीय पहुँच एवं वित्तीय समावेशीकरण, महिला सशक्तीकरण, लोकतान्त्रिक अभ्यास र सामाजिक पूँजी निर्माणमा धेरै ठूलो भूमिका खेलेको जिकीर गरे ।

अहिले पनि समुदायमा आधारित सुशासनमा सञ्चालन भएका सहकारी संस्थाहरूले आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरेको, तर पछिल्लो समय कतिपय सहकारी संकटग्रस्त बन्दै गएपछि समग्र सहकारी अभियानप्रति प्रश्न उठ्नुका साथै समग्र सहकारी क्षेत्रको नै विश्वसनीयता गुम्न थालेको उनले बताए ।

कार्यक्रममा संरक्षक खुमबहादुर बस्याल, सल्लाहकार सुहाबहादुर नेपालीलगायतले बोल्दै छरिएर रहेको पुँजीलाई एकिकृत गरी समुदायमा लगानी गरेकोले सदस्यहरुको आयआर्जनमा वृद्धि भएको बताउँदै संस्थाले गर्ने हरेक गतिविधि अझ सक्रियरुपमा लागेर अगाडि बढ्नु पर्नेमा जोड दिए ।

छलफलमा सञ्चालक समिति संरक्षक, सल्लाहकार, लेखा सुपरिवेक्षण समिति बचत संकलन केन्द्रका संयोजक, विभिन्न उप-समितिका संयोजक सदस्य कर्मचारी लगात ५० जनाको उपस्थिति रहेको थियो ।

संस्थाका अध्यक्ष हरिबहादुर बोमरेलको अध्यक्षता, उपाध्यक्ष राजेन्द्र रोकाहाको स्वागत तथा सचिव हस्तबहादुर हिताङ्गको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सरकारले कानुनी सुधारका लागि अध्यादेशमा के–के व्यवस्था छ ?

बुटवल । सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धिसम्बन्धी ११, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ र भूमि तथा वन सम्बन्धी ३ गरी २७ ऐन अध्यादेशमार्फत् संशोधन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

११, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवासम्बन्धी १३ र भूमि तथा वन सम्बन्धी ३ गरी २७ ऐन अध्यादेश मार्फत संशोधन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेपछि अहिले अध्यादेशको पक्ष र विपक्षमा टिप्पणी भइरहेका छन् । विज्ञहरुको सुझावको आधारमा सरकारले अध्यादेश ल्याउने निर्णय गरेको हो । सत्ता साझेदार दल कांग्रेसको समेत साथ लिएर सरकारले कानुनी सुधारको बाटो तय गरेको हो ।

**यस्ता छन् अध्यादेशमा समेटिएका मुख्य विषय**

१. सेवा प्रवाहमा थप सहजता ल्याउन नागरिक एपलाई प्रयोगमा ल्याउने कानुनी व्यवस्था गरिएको छ । यसबाट ई-गभर्नेन्सको कानुनी प्रबन्धको प्रारम्भ हुनेछ ।

२. नेपाल सरकारको कार्य सम्पादनमा सरलीकरण गर्दै कुनै निर्णय गर्नुपर्ने अधिकारीले कानुनमा नै मिति तोकिएको भए सोही बमोजिम र अन्य सबै अवस्थामा बढीमा ७ दिनभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ र सो बमोजिम नगरेमा कारबाहीको व्यवस्था गरिएको छ ।

३.नेपाल सरकारले गर्ने भनिएका सबै विषय मन्त्रिपरिषद्मा लैजाने हालको व्यवस्थाको सट्टा अधिकार प्रत्यायोजन गर्ने गरी नेपाल सरकारको परिभाषामा परिवर्तन गरिएको ।

४.कुनै स्थानीय तहमा अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरूले आफूहरूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख भइ काम गर्ने र कुनै वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा निज निलम्बनमा परेमा वडा समितिका सदस्यहरूले आफूहरू मध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भइ कार्य गर्ने व्यवस्था मिलाइएको छ ।

५.श्रमिकहरूको पेन्सन पाउने उमेर ६० वर्ष र सेवा निवृत्त हुने उमेर ५८ भएकोमा मिलान गरी श्रमिकहरूको अनिवार्य अवकाश उमेर हद ५८ बाट ६० वर्ष बनाइएको छ ।

६.सामाजिक सुरक्षा भत्तामा भएको करोडौं रकमको अपचलनलाई रोक्न सामाजिक सुरक्षा भत्ताका लागि क्रमशः राष्ट्रिय परिचय पत्र अनिवार्य गर्दै लैजाने व्यवस्था गरिएको छ ।

७.शिक्षकहरूलाई समेत निवृत्तिभरण कोषमा योगदान गरी निवृत्तिभरण पाउने व्यवस्था गरिएको छ ।

८.स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी वनाउन प्रथम सेवा विन्दुको प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी बोर्डले सम्झौता गर्ने व्यवस्था मिलाइएको छ ।

९.गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति र तिनको परिवारका सदस्यलाई १० वर्षसम्मको निःशुल्क गैरआवासीय भिसाको व्यवस्था गरिएको छ । नेपालमा आउजाउ गर्दा एक पटकमा दुई वर्षसम्मको बहुप्रवेशी निःशुल्क भिसाको प्रबन्ध गरिएको छ ।

१०. कसुरजन्य सम्पत्ति र कसुरमा संलग्न साधन जफत गर्न हाल भएको झन्झट र कानुनी अडचन फुकाइएको छ ।

११. अदालतमा दसीको रूपमा ल्याइएको सवारी साधन तुरुन्त लिलाम गरी वा ह्रास कट्टी गरिएको मूल्यमा सम्बन्धित धनीले धरौटी राखी प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ ।

१२.मिलापत्र हुन सक्ने सरकारवादी फौजदारी मुद्दामा फैसला कार्यान्वयनको तहमा समेत पीडितले न्याय पाउने गरी पीडित र प्रतिवादीबिचमा मिलापत्र भएमा अदालतबाट लागेको दण्ड जरिवाना माफी हुने व्यवस्था गरिएको छ ।

१३. सुरु अदालतबाट लागेको बिगो तथा जरिवाना तिर्न नसक्दा थुनामा बसेर पुनरावेदन गर्नु पर्ने र पछि निर्दोष ठहर हुँदा त्यस्ता व्यक्तिलाई अन्याय हुने हालको अवस्थालाई अन्त्य गरिएको छ । सुरु अदालतबाट ठहर भएको बिगो, जरिवानाको पूरै राख्नु नपर्ने तर सुरु अदालतमा राखिएको धरौटीको १५ प्रतिशतमात्र धरौटी राख्ने व्यवस्था गरिएको छ ।

१४. पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा त्यस्तो कैद बापत रकम तिर्न सक्ने व्यवस्था गरिएको छ ।

१५.अपराध पीडितले पाउने क्षतिपूर्ति निजको मृत्यु भएमा पति/पत्नी, छोरा/छोरी वा बाबु/आमाले पाउने व्यवस्था गरिएको छ ।

१६. तेजाब आक्रमणलाई घरेलु हिंसा नमान्ने गरी संशोधन गरिएको छ ।

१७. योगमाया आयुर्वेदिक विश्वविद्यालयको नाम परिवर्तन गरी विदुषी योगमाया हिमालयन आयुर्वेदिक विश्वविद्यालय बनाइएको छ । यसको सञ्चालनमा रहेको कानुनी बाधाहरू हटाइएको छ ।

१८. विदेशमा लगानी गर्न र विदेशी बजारसँग प्रतिस्पर्धा गर्न सक्ने गरी नेपाली सूचना प्रविधिमा आधारित कम्पनीले विदेशमा सहायक कम्पनी तथा, शाखा खोल्न, कारोबार गर्न, विदेशमा भएको आम्दानी नेपालमा भित्र्याउन पाउने व्यवस्था गरिएको छ ।

१९.गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिले नेपालमा कम्पनी खोल्न सक्ने, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन बमोजिमको विदेशी लगानी गर्दा प्रक्रियामा जानु नपर्ने गरी सरलीकृत गरिएको छ ।

२०.प्रविधि हस्तान्तरणको परिभाषामा लेखा, मार्केटिङ तथा मार्केट रिसर्च, मानव संसाधन आउटसोर्सिङ, डिजिटल डेटा प्रोसेसिङ, डिजिटल डेटा माइग्रेसन, डिजाइन सेवा पनि समावेश गरिएको छ ।

२१. हालमा रहेको विदेशी लगानी भएको उद्योगले मात्र नभइ नेपाली लगानी भएको उद्योगले समेत नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने ।

२२.नेपालमा गरिएको विदेशी लगानीबाट प्राप्त आर्जित रकम फिर्ता लैजाने प्रक्रिया छोट्याइएको, सरलीकृत गरिएको छ ।

२३. नेपालभित्र खडा गरिने विशिष्टिकृत लगानी कोषमा पनि विदेशी लगानी खुला गरिएको छ ।

२४. साविक व्यवस्थामा परिवर्तन गरी तीन करोड रुपयाँसम्मको राजस्व चुहावटको विवादको विषयमा राजस्व अनुसन्धान विभागले मुद्दा दायर नगरी राजस्व रकम उठाउने गरी आन्तरिक राजस्व विभाग/भन्सार विभागले निर्णय गर्न सक्ने पत्राचार गर्न सक्ने । र, राजस्व चुहावट मुद्दामा बिगो भराउन फैसला पर्खिनु नपर्ने, जरिवाना र बिगो तिरेमा मिलापत्र गर्न सकिने व्यवस्था मिलाइएको छ ।

२५.सरकारी ठेक्कापट्टामा उत्पन्न विवाद मध्यस्थताबाट समाधान गर्दा भएको ढिलाइ अन्त्य गर्न द्रुत मध्यस्थताको व्यवस्था गरिएको छ ।

२६. मध्यस्थताको कारबाहीमा थप सुधार गर्दै निर्णयलाई अन्तिमता प्रदान र निर्णय कार्यान्वयनलाई सहजीकरण गर्न अदालतले मध्यस्थताको निर्णयको कार्यान्वयन स्थगित गरेमा मात्र निर्णय कार्यान्वयन नहुने, मध्यस्थको निर्णय बदरको निवेदनले मात्र नपुग्ने व्यवस्था गरिएको छ ।

२७. श्वेट सेयर व्यापारिक ख्याती, गुडवील, नो हाउ सेयरिङ्गको आधारमा प्राप्त हुने सेयर लाई थप व्यवस्थित गर्दै स्टार्ट-अप उद्यमको हकमा चुक्ता पुँजीको ४० प्रतिशत र कम्पनीको हकमा २० प्रतिशत सेयर व्यक्तिलाई प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

२८. प्राइभेट कम्पनीको हकमा दायित्वभन्दा सम्पत्ति बढी भएकोमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी प्रिमियम मूल्यको सेयर जारी गर्दा हाल कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र तीन वर्षको लेखापरीक्षण आवश्यक पर्ने व्यवस्था रहेकोमा प्रक्रिया सरलीकरण गर्न त्यस्तो व्यवस्था हटाइएको छ ।

२९. कम्पनीका कर्मचारीले प्राप्त गरेको कर्मचारी सेयर बिक्री सम्बन्धी व्यवस्था स्पष्ट पारिएको छ ।

३०. कम्पनी दर्ता सहज तरिकाले गर्न सक्ने, तर बन्द गर्दा हुने झन्झटलाई अन्त्य गरिएको छ । विवरण नबुझाएको कारण कम्पनीलाई लाग्ने जरिवानामा ९० प्रतिशत छुट दिइएको र कम्पनीको दर्ता खारेजीलाई सहज गरिएको छ ।

३१. उत्पादनमूलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्रभित्र रहेका उद्योगलाई उत्पादन बिक्री गर्दा निर्यात गर्ने उद्योगसरह सुविधा प्राप्त गर्ने हालको व्यवस्थामा सो सुविधा सेवामूलक उद्योगलाई पनि प्रदान गरिएको छ ।

३२. बाहिर उद्योग सञ्चालन गरिरहेका उद्योगले विशेष आर्थिक क्षेत्रभित्र स्थानान्तरण गरेमा त्यस्ता उद्योगलाई समेत कर छुटको व्यवस्था गरिएको छ ।

३३. सरकारसँग गरिएको सम्झौता बमोजिम तोकिएको अवधिपश्चात् सम्पूर्ण परियोजना सरकारलाई हस्तान्तरण हुने प्रबन्ध बमोजिम कार्यान्वयन भएको परियोजनको हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि सरकारमा ऋणको दायित्व नसर्ने गरी बैंक तथा वित्तीय संस्थामा धितो राख्न सकिने प्रावधान गरिएको छ ।

३४. वार्षिक पाँच करोडभन्दा बढी कारोबार गर्ने सफ्ट गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई पनि सुविधा र सहुलियत प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

३५. हाल रहेको विनादर्ता कसैले उद्योग सञ्चालन गरेकोमा बन्द गर्ने प्रावधान हटाइ जरिवाना लिइ उद्योग दर्ता गर्न लगाई सञ्चालनमा ल्याउन सकिने प्रावधान राखिएको छ ।

३६.सेवा उद्योगको वर्गमा कोष व्यवस्थापक र सम्पत्ति व्यस्थापक पनि थप गरिएको छ ।

३७. हाल विद्यमान रहेको व्यवस्थामा प्रक्रियागत सुधार गर्दै सार्वजनिक प्रतिष्ठानहरूलाई व्यवस्थापन करार र भाडा दिई निजी क्षेत्रलाई सहभागी गराउन सरलीकृत प्रक्रिया अवलम्बन गर्न सकिने प्रावधान राखिएको छ ।

३८. हाल नगद जमा नगरी राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न नपाउने व्यवस्थामा मुद्दाको अवधिभर खाम्ने गरी बैंक जमानत पेस गरेर पनि पुनरावेदन गर्न पाउने अधिकार प्रदान गरिएको छ ।

३९. प्रदेश वा स्थानीय तहमा समायोजन भइ बढुवा वा अवकाश भएका कर्मचारी अभिलेख राष्ट्रिय किताबखानाले सम्बन्धित प्रदेश वा स्थानीय तहबाट लेखीआए बमोजिम राख्ने र सोको जानकारी सम्बन्धित प्रदेश वा स्थानीय तहलाई दिनु पर्ने र सम्बन्धित तहको कानुन बमोजिम अनिवार्य अवकाश पाएको रहेछ भने पनि अभिलेख बमोजिम नै निवृत्तिभरण पाउने गरी व्यवस्था मिलाइएको छ ।

४०. हालको घरजग्गा व्यवसाय गर्न हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा बिक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गरी घरजग्गा व्यवसायीले हदबन्दीभन्दा बढीको जग्गा स्वीकृति लिइ तोकिएको अवधिभित्र विकसित गरी घरघडेरी बिक्री गर्न पाउने छ । सार्वजनिक प्रयोजनको लागि छुट्याइएको जग्गालाई धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्था गरिएको छ ।

४१.सुरु नापी हुँदाका बखत गौचर, हाट, घाट, बजार वा वन क्षेत्र या बुट्यानले ढाकिएको भनिएको तर त्यस्तो जग्गामा घर टहरा बनाइ लामो समयदेखि बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुमवासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुर लिइ जग्गाको स्वामित्व उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

४२.संघीय सञ्चित कोषको सन्तुलनको लागि प्रचलित कानुन बमोजिम स्थापना भएको अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम अर्थ मन्त्रालयले दायित्व सिर्जना हुँदाका बखत सम्बन्धित कोषमा निकासा गर्ने गरी संघीय सञ्चित कोषमा जम्मा गर्न सक्नेछ । त्यस्तो कोषबाट प्राप्त गरेको रकमको लेखा महालेखा नियन्त्रक कार्यालयले राख्नेछ ।

४३. अन्य सरकारी कोषको विवरण महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक गर्ने छ । त्यस्तो कोष सञ्चालनमा राखिराख्न आवश्यक नदेखेमा नेपाल सरकारले जुनसुकै बखत खारेज गर्न सक्नेछ ।

४४.योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि :

क. आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्ने ।

ख. स्रोत अनुमान समितिले तयार गरेको स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारणसम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन सात गतेभित्र अर्थमन्त्री समक्ष पेस गर्ने ।

ग. स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका, राष्ट्रिय गौरवको आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको आवश्यक रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फागुन सात गतेभित्र अर्थमन्त्री समक्ष पेस गर्ने ।

**४५. अर्थ मन्त्रालयले गर्ने**

क. आयोगबाट प्राप्त विवरणको आधारमा बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी फागुन पन्ध्र गतेभित्र पठाउनु पर्ने ।

ख.बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलाप थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्ने ।

घ. प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनु पर्ने ।

ङ. स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयको सिफारिसमा कार्यक्रम संशोधन गर्न सक्ने छ ।

च. आर्थिक वर्षको बिचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भइ तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नुपर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी त्यस्तो आयोजनाका लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्ने ।

छ. आयोजना वर्गीकरण गर्दा आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारको रूपमा लिनु पर्नेछ । प्रत्येक आर्थिक वर्षका लागि आयोजनाको कुल लागत र विनियोजनको न्यूनतम सीमा बजेट तर्जुमा कार्यतालिका सुरु हुनुअगावै निर्धारण गर्नुपर्ने ।

ज. विपद् व्यवस्थापनमा खर्च गर्न तत्काल स्रोत व्यवस्था गर्नुपर्ने भएमा कुल वार्षिक बजेटको सीमाभित्र रही सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्ने ।

झ. अर्थ मन्त्रालयबाट सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहलाई गरिने राजस्व बाँडफाँट र अनुदान रकमको हस्तान्तरण प्रचलित कानुन बमोजिम हुने ।

ञ. अर्थ मन्त्रालयले अनुदान हस्तान्तरण गर्दा कर्मचारीको तलब, भत्तालगायतका अनिवार्य दायित्वको रकम विषयगत मन्त्रालयको सिफारिसमा सम्बन्धित प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानको रूपमा थप हस्तान्तरण गर्न सक्ने ।

ट. सशर्त, समपूरक वा विशेष अनुदान बापत प्रदेश वा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रकम आर्थिक वर्षभित्र खर्च नभइ बाँकी भएमा सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने ।

ठ. असुल गर्नुपर्ने भनी औंल्याइएको बेरुजु रकम असुल भइ प्रमाण पेस भएको, आवश्यक कागज प्रमाण पेस गर्नुपर्नेमा पेस भएको वा पेस्की रकम फर्स्योट भइ प्रमाण पेस हुन आएको बेरुजु रकम सम्परीक्षणको लागि अनुरोध भइ आएमा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्ने । त्यसरी लगत कट्टा भएको जानकारी सात दिनभित्र सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने ।

**आधुनिकीकरण...**

उनी पुख्र्यौली पेसाबाट नै आफ्नो परिवार धानिरहेका छन् । हरिले मूर्ति बनाउने काम गर्छन् भने उनकी श्रीमती सिलौटा बनाउने काम गर्छिन् । उनको महिनामा १५ देखि २० हजारको हाराहारीमा आम्दानी हुन्छ, तर पछिल्लो समयमा उनको यो पेसा धरासाइ भएको उनी बताउँछन् । दैनिक पेट पाल्ने यहि एउटा सीपले हो, तर अहिलेको आधुनिक समयमा यसको प्रयोग हराउँदै गएको हरि बताउँछन् । खेतबारी र अन्य कुनै सीप नहुँदा परिवार धान्न पनि गाह्रो हुँदै गएको उनको भनाइ छ । आफ्नो व्यापार पनि छैन । स्थानीय सरकारले नत कुनै सीपमूलक कार्यक्रम ल्याउँछ, नत केही तालिम नै, आफूले वर्षौंदेखि नै हातले मूर्ति बनाइ रहेको स्थानीय सरकारले आफ्नो पेसाको संरक्षणका लागि कुनै पहल गरेको अवस्था छैन । ढुङ्गा काट्न मेसिन छैन,२ दिनमा सकिने काम हप्ता दिनभन्दा बढी लाग्छ । आफूसँग सीपकला छ, तर प्रवर्द्धन गर्नको लागि कसैंबाट सहयोग नपाएको उनले दुखेसो पोखे ।

यस्तै सरावल गाउँपालिका वडा नम्बर ३ श्रीनगर कि ४५ वर्षीया अनरवा पत्थरकट्टाले आफू दैनिकी दुःख गर्दै घर-घरमा सिलौटा बेच्दै परिवार उकास्दै आएको, तर आफ्नो सन्तानलाई यो काम गर्न नदिएको उनी बताउँछिन् । उनको दुईवटा सन्तान छन् । उनले सिलौटा बेच्दै छोराहरूको शिक्षादिक्षा दिएकी छिन् । उनले एउटा छोरा करारमा जागिर खाँदै गरेको बताउँछिन्, अनि अर्को छोरा इञ्जिनियरिङ पढेकोले अहिले आफ्नै व्यापार व्यवसायमा लागेर घर बनाउने ठेक्कापट्टा काम गरेको उनी बताउँछिन् । 'खोलाबाट ढुङ्गा ल्याउन दिँदैनन् । इन्डियाबाट ल्याउनुपर्छ त्यो पनि बिक्छ बिक्दैन ठेगान छैन,'- उनी भन्छिन् -'अहिले डुङ्गा पनि पाउन एकदम कठिन भइसकेको छ । लाखौं खर्च गरेर इन्डियाबाट ढुङ्गा ल्याउनुपर्छ ल्याएको ढुङ्गा पनि नबिकेर त्यसै थन्किएको छ ।' हाम्रा सिलौटाहरु बिक्री वितरण हुँदैन, आफूले पनि यो पेसा छोडिदिने बताउँछिन्, उनी । स्थानीय सरकारले सीपको संरक्षणको लागि पहलकदमी गरिदिन उनले माग गरिन ।

यस्तै लामो समयदेखि सिलौटाको व्यापार गर्दै आएका रामग्राम १७ बरारीका ४५ वर्षीय भीम पत्थरकट्टाको व्यापार नहुँदा उनी कम्पनीमा गएर काम गरिरहेका छन् । दुःख गरेर किनेर ल्याएको ढुङ्गा त्यत्तिकै छ, पेट पाल्न गाह्रो भएपछि आफ्नो पुख्र्यौली पेसा छोडेको उनी बताउँछन् । उनी ३० वर्षदेखि सिलौटा बनाउने पेसामै आश्रित रहेका थिए । उनी भन्छन्-'पहिले व्यापार एकदमै राम्रो थियो । अहिले व्यापार नहुँदा सन्तानहरूहरुको भविश्यको लागि आफू कम्पनीतिर लागेको छु ।'

यस्तै कुसवाडिया (पत्थरकट्टा ) सुमुदायको अगुवा एवं कुसुवाडिया उत्थान संघका जिल्ला अध्यक्ष प्रमोद कुसवाडियाले नेपाल सराकारले सुमदायलाई आरक्ष दिँदै आएको छ, तर आफ्नो समुदायमा चाहेको जस्तो विकास हुन पाएको छैन भन्दै उनले गुनासो गर्छन् । खासगरी आरक्षणको नाममा दिएको ४ हजार भत्ताले समुदायले के गरिरहेका छन् ? भन्ने कुराको खोजी सकारले नगरिंदा समुदाय पछि परेको उनी बताउँछन् ।

पत्थरकट्टा समुदायको अवस्था

पत्थरकट्टालाई कुसवाडिया पनि भनिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा उनीहरुको जनसंख्या ३ हजार १८३ छ । उनीहरु आदिवासी जनजाति समुदायभित्र पर्ने लोपोन्मुख जातिमा सूचीकृत छन् । नेपालमा १० जिल्लामा पथरकट्टा समुदायको मुख्य बसोबास छ । उनीहरुको मूलथलो पश्चिम नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया, पूर्वी नवलपरासी, रुपन्देही, झापा मोरङ, बारा, रौतहट, पर्सा र सिरहा हो । कुसवाडिया जातिलाई मधेशको राउटे भनेर पनि चिनिन्छ । ढुंगा कुद्ने काम गर्ने भएकाले यी समुदायलाई पथरकट्टा भनिएको हो । विषेश गरेर यी समुदायलाई कुसबाधिया, कुचबडिया, धातुवाला, थबई थरले पनि चिनिन्छ । पश्चिम नेपालगञ्ज बाँकेमा कुसबाधिया, कुचबडिया भनेर चिनिन्छ । रुपन्देही, नवलपरासी र कपिलवस्तुमा पत्थरकट्ट र पत्थरकट्टा भनेर चिनिन्छ । पूर्वमा झापा, मोरंङमा धातुवाला भनेर चिनिन्छ । सिरहा, सप्तरी र बारामा थबइ भनेर चिन्ने गरे पनि अहिलेका युवा पत्थरकट्टा होइन कुसवाडिया भन्न रुचाउँछन् । कुसवाडिया समुदायको सबैभन्दा धेरै जनसंख्या रुपन्देहीमा छ । त्यसछि दोस्रो पश्चिम नवलपरासीमा रहेको छ । नवलपरासीमा यि सममुदाय सक्रिय रहेका विशेष गरेर सुकुम्बासीमा, खोला नदीका किनारामा उनीहरुको बसोबास बढी रहेको छ ।

२०७८ सालको जनगणनाअनुसार पश्चिम नवलपरासीमा कुसवाडिया अर्थात् पत्थरकट्टा समुदायको जनसंख्या २७८ रहेको छ । त्यसमा महिला १४० र पुरुष १३८ जना रहेका छन् । जिल्लामा यी समुदायको ५४ घरधुरी रहेको छ । सबैभन्दा धेरै रामग्राममा २४ घरधुरीमा ८८ जना छन् । बर्दघाटमा ११ घरधुरीमा ४६ जना छन् । यस्तै, सरावलमा ४ घरधुरीमा २९ जना छन् । सुनवलमा ४ घरधुरीमा १७ जना र सुस्तामा ८ घरधुरीमा ३९ जना पत्थरकट्टा समुदायको बसोबास रहेको छ । यसैगरी, पाल्हीनन्दनमा ४ घरधुरी रहेकोमा २९ जनाको बसोबास रहेको छ । प्रतापपुरमा जम्मा एक घरधुरीमा ६ जनाको बसोबास रहेको छ ।

पत्थरकट्टालाई नेपाल सरकारले अल्पसंख्यकको सूचीमा राखेको छ । जनसंख्याको ०.०१ प्रतिशतभन्दा कम जनसंख्या हुने जाति अल्पसंख्यकको सूचीमा पर्छन् । कुसवाडिया जाति लोपोन्मुख समुदायभित्र पर्दछन् । उनीहरुलाई २०६२ सालमा लोपोन्मुख आदिवासी जनजातिको अल्पसंख्यक समूहमा सूचीकृत गरिएको थियो । कुसवाडिया उत्थान संघका केन्द्रीय अध्यक्ष रमेश कुसवाडियाले यसपछि २०६२ सालमै बाँके जिल्लाको फुटकिल्वा भन्ने ठाउँबाट पत्थरकट्टा समुदायको विकास तथा स्तरउन्नतिको लागि नेपाल सरकारले मासिक सुरक्षा भत्ता दिन थालेको छ । उनीहरु प्रतिव्यक्ति मासिक चार हजार रुपैयाँको दरले सहयोग रकम पाउँछन् ।

सरकारले अल्पसंख्यक जातिका रुपमा मासिक जीवन निर्वाह रकम उपलब्ध गराएपछि पत्थरकट्टाहरु आर्थिक रूपमा असाध्यै गरिब छन् । अशिक्षित छन् । सामाजिक रूपमा उपेक्षित छन् । राजनीतिक रूपमा शक्तिहीन समुदायको रुपमा रहेका छन् । कुसवाडिया उत्थान संघका केन्द्रीय अध्यक्ष रमेश कुसवाडियाले भने-'कुसवाडिया समुदायमा सामाजिक रुपमा गरिबी र अशिक्षा व्याप्त छ । आर्थिक अवस्था कमजोर हुँदा सुरक्षित बसोवास छैन । धेरैका घर सुकुम्बासी क्षेत्रमा छन् । तिनै पनि कच्ची फुसका छन् ।'

नदी छेउमा बसेका पत्थरकट्टाहरुको बस्ती सधैंजसो वर्षामा बगाउँछ । हिउँदमा आगोले जलाउँछ । जंगल र नदी छेउमा बस्दै आएकाले वन्यजन्तुको पनि सधैं जोखीम हुन्छ । तर, उनीहरुको सुरक्षित आवासबारे कसैले पहल नगरेको अध्यक्ष कुसवाडियाले बताए ।

**शिक्षा**

बालापनदेखि ढुंगा कुद्न थालेका युवा उमेरका धेरै कुसवाडियाले लेखपढ गर्न जान्दैनन् । बालबालिका भने पढ्न जान थालेका छन् । तर, नियमित जाँदैनन् । पढाइमा ध्यान नदिएपछि कक्षा दोहोराउनु पर्छ । कक्षा दोहोराउन परे विद्यालय नै छोडिदिन्छन् । विद्यालय तहको पढाइ पूरा गर्ने बालबालिका भेटिँदैनन् । ८, ९ कक्षा पढ्दा सबैजसोले पढाइ छोड्छन् । यही कारणले नवलपरासी पश्चिममा उच्च शिक्षा अध्ययन गर्ने पत्थरकट्टा कोही नभएको उनीहरु बताउँछन् । 'पत्थरकट्टाको संरक्षण र पहिचान जोगाउने हो भने सरकारले पत्थरकट्टाका बालबालिकाको शिक्षा र युवाका लागि रोजगारी वा सीपको आधुनिकीकरणका लागि औजार र बजारीकरणमा सघाउनुपर्ने देखिन्छ,' पत्थरकट्टा युवा रामप्रित कुसवाडियाले भने-'अब हामी बाआमाले जस्तो कुटो चलाएर होइन, औजार चलाएर ढुंगाबाट मूर्ति र उपकरण बनाउन चाहन्छौं ।'

**स्थानीय सरकारको व्यवास्ता**

स्थानीय सरकारले पत्थरकट्टाका समस्या नबुझेका भने होइनन् । तर, समस्या समाधानमा आवश्यक लगानी भने गरेका छैनन् । सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीले पथरकट्टा समुदायलाई संघीय सरकारले नै मासिक भत्ता दिएकाले स्थानीय सरकारले थप दायित्व नलिएको उनले बताए । सरावल गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरी आफू स्थानीय सरकारमा आएको २ वर्ष बित्यो । तर हालसम्म यी समुदायको लागि कुनै पनि काम गर्न नसकेको बताउँछन् । खासगरी कुसवाडिया समुदायलाई नेपाल सरकारले भत्ता दिएको हुनाले आफूहरूको नजर त्यसमा नपरेको आगामी दिनमा तिनीहरूको आवश्यकतालाई हेरी काम गर्नुपर्ने उनले बताए ।

रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले पत्थरकट्टाहरु आफ्ना माग र समस्या लिएर नआउँदा के सहयोग गर्ने भन्ने अलमल भएको बताउँछन् । उनले तीन वर्ष अगाडि पेसा संरक्षणका लागि ढुंगा काट्ने मेसिन वितरण गरिएको जनाए । 'पत्थरकट्टा अर्थात् कुसवाडिया समुदायमा कला निकै छ । उनीहरु राम्रा मूर्ति बनाउन सक्छन् । स्थानीय तहमा समन्वय गर्न आए मूर्ति निर्माण र बजारीकरणमा सघाउन सक्छौं ।'-अध्यक्ष यादवले भने ।


## जनहितमा जारी सन्देश

प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।



**बच्ने उपायहरु**

- बाक्लो तथा न्यानो लुगा लगाउने गरौ ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौ ।
  कोठा न्यानो पारौ र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
- बालबालिका, वृद्ध - वृद्धा, गर्भवती महिला तथा दिर्घ रोगीहरुलाई चिसोबाट जोगाऔ ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा सास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, हिटर कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- धुम्रपान तथा मध्यपानको सेवन नगरौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौ ।
- अत्यावश्यक काम बाहेक राती र सवेरै (बिहान) को समयमा बाहिर हिड्डुल नगरौं ।

याद राखौं छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौ र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

**अनुरोधक**

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**परासी, नवलपरासी (ब.सु.प)**
**लुम्बिनी प्रदेश नेपाल**
**विपद् व्यवस्थापन शाखा**


## Lumbini Province Government
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
## Road Infrastructure Development Office
**Arghakhanchi**

## Invitation for Online Bids and Sealed Quotation

Date of publication: 13th January, 2025 (2081-09-29)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic bids and sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding and sealed quotations. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank(NRs. 3000):***

Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka.
Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi.
Rajaswa Shrishak No.:- 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission:12th February, 2025 (2081-10-30)12:00 Hrs.

| S.N. | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 12th June, 2025 |
|---|---|---|---|
| 1 | Powara Chheda Simalpani Bhedamare sadak Kalopatre/ RIDO-ARG-W-NCB-140-2081/082 | 1,72,41,362.48 | 4,40,000 |
| 2 | Aamrai Jukena Deurali Airawati Sadak Patanjali Marga Shi. Na. Pa. 4, 5/ RIDO-ARG-W-NCB-141-2081/082 | 63,49,163.25 | 1,60,000 |

For sealed quotation, Quotation document fee-NRs. 1000
Last Date of quotation Purchase and Submission:28th January, 2025 (2081-10-15)12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 13th Apr, 2025(NRs.) |
|---|---|---|---|
| 1 | Thada Aamrai Jukena Deurali Airawati Sadak Shitganga 5/RIDO-ARG-W-SQ-142-2081/082 | 17,24,136.00 | 45,000 |
| 2 | Patanjali maraga starunnati Shitganga na pa 6, Sana Dhungre/RIDO-ARG-W-SQ-143-2081/082 | 8,62,065.74 | 24,000 |
| 3 | Procurement of Tools and Safety Gears for Routine Maintenance /RIDO-ARG-G-SQ-144-2081/082 | 5,60,575.00 | 15,000 |
| 4 | Dharampani Tallo Motorbato Dhekhi Mathilo Motorbato Nirman Chhatradev 6/RIDO-ARG-W-SQ-145-2081/082 | 4,42,477.87 | 12,000 |


## मालिका गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र दिसापिसाब गरौं ।

**अनुरोधक :**

**मालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल



## गुल्मीदरबार गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, चर्पीमा मात्र दिसापिसाब गरौं ।

**अनुरोधक :**

**गुल्मीदरबार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल


## Maharajganj Municipality
## Office of Municipal Executive
**Kapilvastu,Lumbini Province**

## INVITATION FOR Sealed Quotation

First Publication Date: 2025-01-13

Maharajganj Municipality invites electronic bids from eligible bidders under Sealed quotations for from Registered contractor for followingworks.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening | Estimated amount (Exclisive of VAT and Contingincies) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/KPIL/MM/BDG/ WORKS/SQ/081/082 | JiggnaKoAdhuradharmasalaNirman Maharajganj 6 | 45/75days | 13000 | 1000 | 27-01-2025 till 12:00 Hrs | 27-01-2025 till 12:15 Hrs | 430019.51 |
| 2 | 02/KPIL/MM/BDG/ WORKS/SQ/081/082 | SurhaniyaGaunPaschimkoDurga Mandir(Adhuro) Nirman, Maharajganj 6 | 45/75days | 13000 | 1000 | 27-01-2025 till 12:00 Hrs | 27-01-2025 till 12:15 Hrs | 429225.97 |
| 3 | 03/KPIL/MM/BDG/ WORKS/SQ/081/082 | Sano Butahaniyako Shiv Mandir StharunnatiMaharajganj 6 | 45/75days | 13000 | 1000 | 27-01-2025 till 12:00 Hrs | 27-01-2025 till 12:15 Hrs | 429227.40 |
| 4 | 04/KPIL/MM/BDG/ WORKS/SQ/081/082 | PipariMadarasaPhajlerahemaniya A.Vi. koBhautik Nirman, Maharajganj 1 | 45/75days | 37000 | 1000 | 27-01-2025 till 12:00 Hrs | 27-01-2025 till 12:15 Hrs | 1287525.43 |
| 5 | 05/KPIL/MM/BDG/ WORKS/SQ/081/082 | KatautiyaGaunkp Adhuro Gaurishankar ShivMandirNirman, Maharajganj 8 | 45/75days | 24000 | 1000 | 27-01-2025 till 12:00 Hrs | 27-01-2025 till 12:15 Hrs | 859292.53 |
| Account No. for bid document purchase fee: | | | Name of the Bank: NIC Asia Bank Ltd..<br>Name of the Office: Maharajganj Municipality<br>Office Account no: 1592050027909017 | | | | | |
| Account No. for bid security deposit: | | | Bank Name: NIC Asia Bank Ltd..<br>Bank Address: Imiliya, Buddhabhumi Municipality, Kapilvastu<br>Office Name: Maharajganj Municipality<br>Account Number: 1592050524885012 | | | | | |

.Notice : All provisions of this notice will be consistent with PPA 2063, PPR 2064 clause 49ka and other prevailing NepaleseLaws.

Chief Administrative Officer

# भिजन लुम्बिनीको अध्यक्षमा पुनः पोखरेल निर्वाचित



बुटवल । भिजन लुम्बिनी लिमिटेड र भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेडको साधारणसभा बुटवलमा सम्पन्न भएको छ । भिजन लुम्बिनी लिमिटेडको नवौं साधारणसभाले अध्यक्षमा पुनः जगत पोखरेललाई नै निर्वाचित गरेको छ । त्यस्तै उर्जा कम्पनीको पाँचौं र छैठौं साधारणसभाले सञ्चालक समितिका सदस्यहरु मात्रै चयन गरेको छ । उर्जा कम्पनीको अध्यक्ष पछि चयन गरिने भएको छ ।

दुवै कम्पनीका संस्थापक अध्यक्ष पोखरेलले दुवै कम्पनीका लगानीलाई पारदर्शी र अति मेहनेतका साथ परिचालन गरिएको र उल्लेख्य प्रगती भएको विवरणहरु साधारण सभामा पेश गरे । निरन्तर लगाव, निरन्तर मेहनेत र निरन्तर समर्पणबाटै सकारात्मक परिणाम आएको उनको भनाइ थियो ।

बुटलबाट सुरु भएको दुवै कम्पनीमध्ये भिजन लुम्बिनी लिमिटेडमा एक हजार र उर्जा कम्पनीमा १६ सयभन्दा बढी संस्थापक लगानीकर्ता देशभरीका रहेका छन् । भिजन लुम्बिनी कम्पनीले उर्जा, लघुवित्त, लघुविमा, यातायात, पर्यटन लगायतका धेरै क्षेत्रमा लगानी गरेको छ भने उर्जा कम्पनीले कास्कीमा सेतीनदी जलविद्युत आयोजना निर्माण सम्पन्न गरेको छ ।

आयोजनाको काम सुरु गरेको झण्डै चार वर्षको अवधिमा २५ मेगावाटको जलविद्युत् उत्पादन गरेर विद्युत् प्राधिकरणलाई बेच्न सफल भएकोमा लगानीकर्ताहरुले साधारणसभामा अध्यक्ष पोखरेलसहित बोर्ड सदस्य र कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

उनीहरुले आगामी दिनमा पनि यस्तै उदाहरणीय र प्रशंसनीय आयोजनाहरु बनाउन नेतृत्वलाई प्रोत्साहन गर्दै आफूहरु थप लगानी गरेर साथ दिन तयार रहेको प्रतिबद्धता जनाएका थिए ।

साधारणसभामा अध्यक्ष पोखरेलले भिजन लुम्बिनी कम्पनीमार्फत् चाँडैशिक्षा, सूचना प्रविधि, ट्रमा सेन्टर निर्माण, एकिकृत कृषि, सौर्य उर्जा उत्पादन, विद्युत् आयोजनाहरुको मर्मत, सर्वेक्षण, निर्माण, अध्ययन अनुसन्धानलगायतका कामहरु गर्ने योजना रहेको पनि जानकारी दिएका थिए ।

उर्जा कम्पनीको साधारणसभाबाट सञ्चालक समितिको सदस्यमा निवर्तमान अध्यक्ष जगत पोखरेल, सुदिपसिंह अधिकारी, बमबहादुर गुरुङ, राजेन्द्र अधिकारी र नेहा अग्रवाललाई चयन गरिएको छ । नेहा अग्रवाल र राजेन्द्र अधिकारी सर्वसाधारण समूहबाट सञ्चालक निर्वाचित भएका हुन् भने बाँकी संस्थापक समूहबाट निर्वाचित भएका हुन् ।

त्यसैगरी भिजन लुम्बिनी कम्पनीको सञ्चालक सदस्यमा कुलबहादुर केसी, गिरिप्रसाद गैरे, कुशव कुँवर, मोहनलाल जोशी, महाप्रसाद सुवेदी, शिवप्रसाद पाण्डे, राजिब गौतम, कमला पोखरेल शर्मा पराजुली, प्रकाश पौडेल र टेकराज रेग्मी सर्वसहमत निर्वाचित भएको निर्वाचन अधिकृत महेन्द्र पाण्डेले जानकारी दिए । दुवै साधारणसभाले अध्यक्षको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन पारित गर्नेलगायतका निर्णयहरु पनि गरेका छन् । कार्यक्रममा उत्कृष्ट योगदान गर्ने लगानीकर्ता, कर्मचारीसँगै पत्रकारद्धय जीवन भण्डारी र कपिल ज्ञवालीलाई सम्मान गरिएको थियो ।

## मेयर कप भलिबल :

# मणिमुकुन्द ए र गोलपार्क सेमिफाइनलमा



बुटवल । बुटवल १३ बदेलपोखरीमा जारी प्रथम मेयरकप खुल्ला पुरुष भलिबल प्रतियोगितामा मणिमुकुन्द भलिबल क्लब ए र गोलपार्क भलिबल क्लब सेमिफाइनलमा प्रवेश गरेका छन् । आइतबार भएको पहिलो क्वार्टर फाईनल खेलमा ईडन बोर्डिङ स्कुललाई पराजित गर्दै मणिमुकुन्द भलिबल क्लब ए सेमिफाइनलमा पुगेको हो ।

दोस्रो क्वार्टर फाईनलमा पाल्पा भलिबल एसोशिएसनलाई पराजित गर्दै गोलपार्क भलिबल क्लब सेमिफाइनलमा पुगेको प्रतियोगिता आयोजक मिर्मिरे युवा क्लबका अध्यक्ष इश्वर गुरुङले जानकारी दिए ।

यसअघि आइतबारै भएका खेलमा बिजयी भएका न्यू होराइजन ए र रोयल बदेलपोखरीबिच तथा न्यू होराइजन 'बी' र मणिमुकुन्द भलिबल क्लब 'बी' बिच सोमबार क्वाटर फाइनल खेल हुने प्रतियोगिता संयोजक नवल गुरुङले जानकारी दिए ।

माघ १ गतेसम्म चल्ने प्रतियोगितामा ८ टिमले भाग लिएका छन् । उपाधि विजेताले एक लाख एक हजार, दोस्रोले ६० हजार एकसय, तेस्रोले ३० हजार एक सय र सान्त्वना टिमले १५ हजार रुपैयाँ नगद तथा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागततर्फ पनि उत्कृष्ट खेलाडी पुरस्कृत हुने आयोजक कल्बले जनाएको छ । प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाले आर्थिक सहयोग गरेको छ ।






# मुद्रण व्यवसाय बिस्तारमा सरकारी नीतिहरू बाधक !

बुटवल । छापाखाना सञ्चालन गर्दै आएका मुद्रण व्यवसायीहरुको विस्तारको लागि सरकारी नीतिहरू बाधक रहेको सरोकारवालाले बताएका छन् । बुटवलमा सम्पन्न मुद्रण उद्योग संघ रुपन्देहीको १०औं वार्षिक साधारसभामा बोल्ने वक्ताहरूले सरकारको छपाई सम्बन्धित नीतिहरूमा व्यापक परिवर्तनहरू गर्नुपर्ने उल्लेख गरेका थिए ।

उनीहरूले कच्चा पदार्थ ल्याउँदा कर लगाउने, तर तयार सामग्री ल्याउँदा करको दर निकै कम हुँदा भारतीय मुलुकबाट छपाईसम्बन्धी कामहरू गर्ने गरेको बताउँदै यो नीति परिवर्तन हुनुपर्ने उल्लेख गरेका थिए ।

कार्यक्रममा बोल्दै सहभागीहरूले व्यवसायीहरूले मुद्रण व्यवसायीलाई सम्मानजनक व्यवहार हुनुपर्ने भन्दै रोजगारी समेत प्रदान गर्दै आएका व्यवसायीहरुको सोचेजस्तो सफलता प्राप्त नभएको गुनासो गरेका थिए ।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय अध्यक्ष विष्णु तिवारीले मुद्रण उद्योगलाई राज्यले सम्मान गर्न नसकेको बताउँदै यसो हुँदा व्यवसायीहरू पलायन हुन थालेको बताए । कार्यक्रममा बोल्दै संघ रुपन्देही अध्यक्ष पशुपति पौडेलले सरकारले स्वदेशी बस्तु उपभोग गर्ने सम्बन्धी निर्देशिका २०७१ अनुसार पनि स्वदेशी उद्योग तथा कच्चा पदार्थ निर्मित बस्तु खरिद गर्ने अवधारणा ल्याए पनि कार्यान्वयन पक्ष कमजोर रहेको गुनासो गरे । महासंघका द्वितीय उपाध्यक्ष मनोज जिसीले उत्पादित सामाग्रीमा कर नलाग्ने तर कच्चा पदार्थमा कर लाग्ने अवस्था अन्त्य हुनुपर्ने उल्लेख गरे ।

रुपन्देही उद्योग संघका अध्यक्ष दिलीप सापकोटाले उद्योगीहरूका गुनासो बोक्दै सरकारसमक्ष पुगेपनी नसुनेको गुनासो गरे । उनले मुद्रण उद्योग क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताउँदै स्वदेशी उद्योगहरूमार्फत नै कामहरुगर्नुपर्ने उल्लेख गरेका थिए ।

संस्थापक अध्यक्ष खेमप्रसाद लुइँटेलले व्यवसायीहरू पलायन भइरहेको सङ्केत देखिइरहेको उल्लेख गरे । उनले संघलाई बलियो र व्यवस्थित बनाउनको लागि थप गृहकार्य गर्नुपर्ने देखिएको उल्लेख गरे ।

मुद्रण उद्योग महासंघ लुम्बिनी प्रदेश अध्यक्ष घनश्याम घिमिरेले राज्यले स्वदेश बस्तुको उपभोगमा ध्यान दिनुपर्ने भए पनि यसो हुन नसकिरहेको बताए । कार्यक्रममा रुपन्देही व्यापार संघका कोषाध्यक्ष मणि खनाल, उद्योग व्यापार संघका उपाध्यक्ष केशव श्रीसलगायतले बोलेका थिए ।

सो अवसरमा बुटवल नगर गानका रचनाकार संघका सल्लाहकार डिल्लीनारायण पाण्डेयलाई सम्मान समेत गरिएको थियो ।

साधारणसभाले अध्यक्ष पौडेलको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष भरतराज पाठकको आर्थिक प्रतिवेदन पारित भएको थियो । संघ सचिव राजु घिमिरेको सञ्चालन तथा द्वितीय उपाध्यक्ष सागर पाठकको स्वागतमा कार्यक्रम सम्पन्न भएको थियो ।

# उपभोक्ताहित संरक्षणमा चासो

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उपभोक्ताको हित संरक्षण गर्न व्यवसायीले इमान्दारिता देखाउनुपर्ने र उपभोक्ता सचेत हुनुपर्ने बताएका छन् ।

उपभोक्ताहित संरक्षण मञ्च नेपालले शनिबार बुटवलमा आयोजना गरेको व्यवसाय र उपभोक्ताको मानवअधिकारसम्बन्धी सक्षमता अभिवृद्धि कार्यक्रमलाई उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले उपभोक्ताको हित संरक्षण गर्न व्यवसायीले इमान्दारिता देखाउनै पर्ने बताएका हुन् ।

प्रदेश सरकारले अनुगमनलाई तिब्रता दिन प्रदेशस्तरीय संयन्त्र निर्माण गरिने समेत बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका केन्द्रिय सचिव मुरारीप्रसाद खरेलको अध्यक्षता तथा प्रदेश सचिव दुर्गा गौतमको सञ्चालनमा कार्यक्रम सप्पन्न भएको थियो ।

सो अवसरमा ५ जनालाई अभिनन्दनसहित सम्मान गरिएको छ ।

उपभोक्ताहित संरक्षण मञ्च नेपालका केन्द्रीय अध्यक्ष ज्योति बानियालाई राष्ट्रिय अभिनन्दन गरिएको छ ।

यस्तै नवलपरासी पश्चिमको बर्दघाट नगरपालिकाका उपप्रमुख रुद्र प्रकाश उपाध्याय , बुटवल उप-महानगरपालिका उपप्रमुख सावित्रादेवी अर्याल, वरिस्ठ पत्रकार डीआर घिमिरे र मानवअधिकारकर्मी रिमा बिसिलाई सम्मान गरिएको मञ्चका केन्द्रीय सदस्य एवं प्रदेश कोषाध्यक्ष ऋषि आजादले जानकारी दिए ।


आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

बगनासकाली गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,
- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम , निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी(ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com